# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**

(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.
Ref. No.

## सूचना

## Unique Document Identification Number (UDIN) यकिन गर्नेबारे ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था नेपालमा लेखाव्यवसायको विकास, संरक्षण र सम्बर्द्धन गर्नका लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ अन्तर्गत स्थापित एक स्वायत्त नियमनकारी निकाय रहेको सर्वविदितै छ । संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले लेखापरीक्षण (Audit) वा प्रमाणिकरण (Certification) लगायतका कार्यहरू गर्दा आफ्नो प्रत्येक प्रतिवेदनमा अनिवार्य रूपमा १८ अङ्कको एक अद्वितीय सङ्केत नं. (Unique Document Identification Number- UDIN) संस्थाको वेबसाइट **www.ican.org.np** मा रहेको UDIN Portal बाट जारी गरी सो नम्बर आफ्नो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने व्यवस्थालाई मिति २०७६ कात्तिक ०१ गतेबाट अनिवार्य लागू गरिएको व्यहोरा सर्वविदितै छ । यसै सन्दर्भमा कुनै पनि व्यक्ति वा निकायको लेखापरीक्षण वा प्रमाणिकरण गरी संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले प्रदान गर्ने प्रतिवेदनहरूमा अनिवार्य रूपमा १८ अङ्कको अद्वितीय सङ्केत नम्बर (UDIN), हस्ताक्षर मिति, लेखापरीक्षण फर्मको छाप, लेखापरीक्षकको नाम तथा पेशागत प्रमाणपत्र नं. लगायतका विवरणहरू उल्लेख नभई प्राप्त भएमा सो प्रतिवेदन स्वीकार नगर्न सरोकारवाला सबैमा अनुरोध गरिन्छ । साथै संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरूले हस्ताक्षर गरेको लेखापरीक्षण वा प्रमाणिकरण लगायतका कार्यहरूको प्रतिवेदनमा यस्तो UDIN, हस्ताक्षर मिति, लेखापरीक्षण फर्मको छाप, लेखापरीक्षकको नाम तथा पेशागत प्रमाणपत्र नं. नभएमा सो प्रतिवेदन यस संस्थाका लागि आधिकारिक नहुने व्यहोरा जानकारी गराइन्छ । साथै कुनै प्रतिवेदनमा उल्लेख भएको UDIN यथार्थ तथा आधिकारिक भए नभएको सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको वेबसाइट वा सिधै **https://udin.ican.org.np/verifydocument** मा गई जाँच गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।


**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**
The Institute of Chartered Accountants of Nepal
(Established under The Nepal Chartered Accountants Act - 1997)
ICAN Marg, Satdobato Lalitpur
Post Box No. : 5289, Ph.: 5530730, 5530832
Web: http://www.ican.org.np, Email: ican@ntc.net.np


Published in Kantipur Daily on 30th sept, 2023 & Gorkhapatra Daily on 1st oct, 2023.

Sajan Silke.